EN/01/ March-May 2026

# BELIEVERS EASTERN CHURCH

World Church Headquarters, St Thomas Community
Thiruvalla - 689 103, Kerala, India

## गोठालोको पत्र

मार्च- मे २०२६

**मेरा प्यारा गोठाला र पवित्र चर्चका सम्पूर्ण विश्वासीहरुमा,**

एक मात्र परमेश्वर – पिता, पुत्र र पवित्र आत्माको नाउँमा, अहिले र सदासर्वदा। ✠ आमेन।

मलाई हाम्रा धन्य स्मृतिका आत्मिक पिता, मेट्रोपोलिटन अथनेसियस योहान प्रथमले सधैं भन्ने गरेको कुरा याद आउँछ। उहाँले हामीलाई भन्नुहुन्थ्यो, "हर समय चर्चको बारेमा विचार गर।" उहाँको आशय यो थियो कि यस पृथ्वीमा हामीले निर्माण गर्न सक्ने एक मात्र स्थायी वास्तविकता भनेको चर्च हो।

प्यारा छोराछोरीहरु, तपाईंहरु नै चर्च— ख्रिस्टको जीवित देह हुनुहुन्छ। यो याद राख्नुहोस् कि तपाईंहरु जुन स्थानीय प्यारिस चर्चसँग जोडिनुभएको छ यो केवल एउटा संस्था या संगठन मात्र होइन। यो एउटा पवित्र प्रभुभोज केन्द्रित सङ्गति हो, जुन पवित्र आत्मासँग एक भएर, बिसप र याजकका वरिपरि एकत्रित हुन्छन्, र पवित्र धर्मशास्त्र र पवित्र रहस्यहरु (संस्कारहरु) द्वारा पोषित हुन्छन्। यही प्यारिसमा हामीले ख्रिस्टसँग निरन्तर भेट गर्दछौं, परमेश्वरको स्वभावमा बढ्छौं, र वचन र कर्मले सशक्त भई सुसमाचारको जीवन बिताउन प्रेरित भइरहन्छौं।

त्यसैकारण, २०२६ मा हाम्रो चर्चको लागि हाम्रो दर्शन हो: 'प्यारिसको निर्माण: विश्वास, जीवन र सेवा।' अब म यस दर्शनका तिन वटै पक्षहरुबारे सम्झाउन चाहन्छु, र यो पनि बताउन चाहन्छु कि हामीले यिनीहरुलाई आफ्नो प्यारिसको सामुहिक जीवनमा व्यावहारिक रुपले कसरी लागु गर्न सक्दछौं।

१) **विश्वास**

कल्पना गर्नुहोस् कि स्थानीय प्यारिस चर्च एउटा ठुलो रुखजस्तै हो। विश्वास त्यो रुखको जरासमान हो, जसले रुखलाई बलियोसँग थामेर राख्दछ र त्यसलाई पोषण दिन्छ। त्यसै गरी, पवित्र विश्वास, पवित्र चर्च र हाम्रो क्रिस्चियन जीवनको जग हो।

क) पवित्र विश्वास कुनै व्यक्तिको निजी विचार होइन। बरु, यो त्यो विश्वास हो जुन हामीलाई प्रेरितहरुद्वारा हस्तान्तरण गरियो, सुरुका चर्चका पिताहरुद्वारा पुष्टि गरियो, र पवित्र चर्चको जीवनको माध्यमद्वारा संरक्षित राखियो। यो सुसमाचार र यो विश्वास तबसम्म आधिकारिक रहन्छ, जबसम्म तिनीहरुलाई त्यसरी नै पालन गरिन्छ, जसरी पवित्र प्रेरितहरुद्वारा हामीलाई हस्तान्तरण गरिएको थियो। जसरी सन्त पावलले गलाती १:८ मा लेखेका छन्, "हामीले प्रचार गरेका सुसमाचारको विपरीत हामीले वा स्वर्गबाट आउने दूतले नै प्रचार गर्‍यो भने पनि त्यो व्यक्ति श्रापित होस्।" यसले हामीलाई त्यस पवित्र विश्वासको गम्भीरता र गहिराइलाई सम्झना गराउँछ जसअनुसार हामीले जिउनु र त्यसलाई विश्वासयोग्य रुपले सुरक्षित राख्नुपर्दछ।

ख) १ तिमोथी ३:१५-१६ मा, पवित्र चर्चलाई, "सत्यको खामो र आड़" भनेर वर्णन गरिएको छ। यस खण्डमा, चर्चलाई परमेश्वरको घरानाको रुपमा चित्रण गरिएको छ, जसलाई सुसमाचारको सत्यतालाई थामेर राख्ने, त्यसलाई रक्षा गर्ने र त्यसलाई सहारा दिने जिम्मेवारी सुम्पिएको छ। निम्न पदमा "भक्तिको रहस्य"— अर्थात देहमा प्रकट हुनुभएको येसु ख्रिस्टलाई, त्यस सत्यको रुपमा भनिएको छ, जसलाई पवित्र चर्चले घोषणा र संरक्षण गर्छ। यसले दर्साउँछ कि चर्चको दायित्व यो हो कि क्रिस्चियन विश्वासलाई त्यही शुद्धतामा, मिलावटबिना र विकृतिबिना सुरक्षित राख्नुपर्छ।

ग) सन्त पावलले २ तिमोथी १:५ मा सन्त तिमोथीलाई त्यो निष्कपट विश्वासको सम्झना गराउँछन्, “त्यो विश्वास, जो पहिले तिम्री बज्यै लोइसमा थियो, र तिम्री आमा युनिसमा, … त्यो विश्वास तिमीमा पनि रहेको छ।” त्यसै गरी, हामीले यो पवित्र विश्वास हाम्रा घरहरुभित्र रहोस् र अर्को पुस्तालाई विश्वासयोग्य रुपले हस्तान्तरण गरियोस् भन्ने कुरामा सुनिश्चित हुनुपर्छ।

## २) जीवन

जीवन आफैं रुख हो— त्यसका काण्ड, हाँगा र पातहरुलाई सबैले देख्न सक्छन्। त्यसरी नै एउटा प्यारिसको जीवन हामीले हरेक दिन हाम्रो विश्वासलाई कसरी जिएका हुन्छौं भन्ने कुरामा प्रकट हुन्छ, जसमा संसारमा हाम्रो जीवनको आत्मिक र सांसारिक दुबै पक्षहरु समावेश हुन्छन्।

क) यस जीवनको केन्द्रचाहिं विश्वासयोग्य रुपले ईश्वरीय लिटर्जीको प्रयोग हो। एक प्यारिस समुदायको रुपमा, हामीले ख्रिस्टबाट शक्ति र पोषण प्राप्त गरेर, हरेक हप्ता पवित्र वेदीको वरिपरि भेला हुन्छौं। हामीले भक्ति र एकताका साथ उपवास र पर्वहरुलाई पालना गरेर, चर्चको लिटर्जीय क्यालेन्डरलाई पालना गर्छौं। यसरी, पवित्र संस्कारहरु प्यारिसको जीवनमा गहिरो रुपले एकीकृत भएर, पवित्र त्रिएकताको हाम्रो आराधनाको मुख्य भाग बनाउँछन्।

ख) यस जीवनलाई हाम्रा घरहरुभित्र पनि जिउनुपर्छ। हाम्रा परिवारहरु ससाना चर्चहरु बन्नुपर्छ, जहाँ प्रार्थना दैनिक जीवनको एउटा स्वाभाविक हिस्सा हो। हामीले हाम्रा घरहरुभित्र नियमित प्रार्थनाको लय: बिहान र साँझको प्रार्थना, पवित्र धर्मशास्त्रको पठन, परमेश्वरको सामुन्ने मननका शान्त क्षणहरुलाई स्थापित गर्नुपर्छ।

ग) हाम्रो क्रिस्चियन जीवन हामी बस्ने समुदायहरु: हामी सहभागी हुने स्कुल र कलेजहरुमा, काम गर्ने ठाउँमा, जहाँ हामी सेवा गर्छौं, हामीले बोल्ने वचनहरुमा, हामीले कायम राख्ने सम्बन्धहरुमा र हामीले आचरण गर्ने तरिकामा, पनि देखिनुपर्छ। यी सबै कुराहरुमा हाम्रो जीवनले ख्रिस्टलाई प्रतिबिम्बित गर्नुपर्छ, किनकि प्रायः हाम्रा शब्दहरुले भन्दा बढी शक्तिशाली रुपले हाम्रो जीवनले बोल्दछ।

## ३) सेवा

सेवा नै त्यो रुखको फल हो; यो नै हाम्रो विश्वास र आत्मिक जीवनको दृश्य परिणाम हो। एक क्रिस्चियन त्यो हो जसले विश्वासलाई कार्यमार्फत जिउँदछ।

क) ईश्वरीय लिटर्जीको समापनमा, हामीलाई वचन र कर्मले परमेश्वरको सेवा गर्नको निम्ति आशिष दिइन्छ र पठाइन्छ। यो नै हाम्रो पेसा र बोलावट हो – र हामीले हाम्रा छिमेकी, हाम्रा समुदाय र हाम्रा वरपरको समाजसम्म पुग्नुपर्छ। सुरुका चर्चका पिताहरुले यसलाई प्रायः "लिटर्जी पछिको लिटर्जी" भनेर वर्णन गर्थे।

ख) परमेश्वरका सन्तानको रुपमा, दया र करुणाका कामहरु: गरिब र विधवाहरुका हेरचाह गर्ने, विपन्न बालबालिकालाई शिक्षा दिने र सहयोग गर्ने, खाँचोमा परेकाहरुलाई करुणा र दया देखाउने, परमेश्वरको सृष्टिको जिम्मेवार भण्डारेहरु हुनेजस्ता कुराहरुमार्फत सक्रिय रुपले सुसमाचारलाई जिउनको निम्ति हामीलाई बोलावट भएको छ।

यस महान् उपवासको समयमा र त्यसपछि पनि, 'प्यारिसको निर्माण: विश्वास, जीवन र सेवा,' भन्ने दर्शनले हामीलाई अगाडि बढ्नको लागि स्पष्ट मार्ग प्रदान गरोस्। अनि यो दर्शन तब मात्र फलदायी हुने छ, जब हामी सबै – बिसप, याजक र विश्वासीहरुले यसलाई समर्पणता र दृढताका साथ अङ्गीकार गर्ने छौं।

चाँडै नै, हामी पवित्र थियोटोकोसलाई घोषणाको पर्व, र त्यसपछि खजुरको आइतबारको पर्व मनाउने छौं। त्यसपछि, हामी वर्षको सबैभन्दा पवित्र समय अर्थात पवित्र हप्ता— हाम्रा प्रभुको दुःखमार्फत उहाँसँगको यात्रामा— प्रवेश गर्ने छौं, जुन इस्टर (पास्चा) मा उहाँको महिमामय पुनरुत्थानमा समापन हुन्छ।

मेरा प्यारा छोराछोरीहरु, म उपवासका यी पवित्र दिनहरुमा तपाईंहरु प्रत्येकलाई मेरो प्रार्थनामा सम्झना गर्दछु, यो लेन्टको यात्रामा तपाईंहरुसँगै हिंड्दछु र तपाईंहरुका आत्मिक पिताको रुपमा मैले भनेका सबै कुराहरुलाई सक्रिय रुपले जिउनको निम्ति तपाईंहरुलाई प्रोत्साहन दिन्छु। कृपया परमेश्वरको सिंहासनको सामुन्ने उहाँको दया र अनुग्रहको निम्ति यस कमजोर र पापी सेवकलाई पनि आफ्नो नियमित प्रार्थनामा सम्झना गर्नुहोस्।

पवित्र त्रिएक; पिता, पुत्र र पवित्र आत्माले तपाईंहरुलाई उहाँको इच्छा बुझ्नको निम्ति बुद्धि, उहाँका आज्ञाहरु पालन गर्नको निम्ति शक्ति र उहाँको दयालाई प्रतिबिम्बित गर्नको निम्ति प्रेम प्रदान गरुन्। अनि सबै सन्त र पवित्र थियोटोकोसको मध्यस्थ-बिन्तीले हामीलाई परमेश्वरको सिंहासनको सामुन्ने अहिले र सधैं सुरक्षा प्रदान गरोस्। ✠ आमेन।

पितृत्वपूर्ण प्रेम र प्रार्थनासहित,

**✠ मोरान मोर समुएल थिओफिलस**
**मेट्रोपोलिटन**

**मितिः** १३ मार्च २०२६
**स्थानः** वर्ल्ड चर्च हेडक्वार्टर्स

---

**निर्देशन:** कृपया यो सुनिश्चित गर्नुहोस्, कि यो पत्र सबै क्षेत्रीय भाषाहरुमा अनुवाद गरियोस्, र सबै विश्वासीहरुका प्रोत्साहनका लागि सबै प्यारिसहरुमा वाचन गरियोस्।